प्यूठान नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**बिजुवार, प्यूठान**
लुम्बिनी प्रदेश, नेपाल

वेबसाईट: www.pyuthanmun.gov.np
ईमेल: pyuthannagarpalika@gmail.com
सम्पर्क नं.: ०८६-४६०२१०९१,

प.सं.०७८/०७९

च .नं.

## नदीजन्य पदार्थको उत्खनन् तथा विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

***(तेस्रो पटक प्रकाशित मिति: २०७८/०६/१९)***

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस प्यूठान नगरपालिका वा आर्थिक ऐन,२०७७ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी प्यूठान नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही शिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ।

तपसिल

| सि.नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| २ | ०२/MUN/२०७८/७९/RM | बिजुवार घाटगद्धी ( जुम्री दोभान देदि सत्तरी सम्म, जुम्री दोभान देखि ढुंगेठाटी सम्म ) | २८३२ | ८००००० | कबोल रकमको ५ प्रतिशत | १००० |

**शर्तहरु:**

फर्मको हकमा नबीरकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७ र ०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको रसिद वा नेपाल बैंक शाखा कार्यालय बिजुवार मा रहेको यस कार्यालयको राजश्व खाता नं.२८१००००००१००१००००००१ ग १-१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना तेस्रो पटक प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फाराम खिरद गर्न सकिनेछ। दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

प्यूठान नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**बिजुवार, प्यूठान**
लुम्बिनी प्रदेश, नेपाल

वेबसाईट: www.pyuthanmun.gov.np
ईमेल: pyuthannagarpalika@gmail.com
सम्पर्क नं.: ०८६-४६०२९०९१,

प.सं.०७८/०७९

च .नं.

दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको .नेपाल बैंक बिजुवारमा रेहको धरौटी खाता नं.२८१००००००३०००००००००१ ग '३' मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा ईजाजत प्राप्त क बर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र प्याकेज नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ ।
खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपाईटरको नाम, ठेगाना, फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिउसो १२ बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ ।

एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमो सो कार्य विदाको लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ ।

प्रि–बिड बैठक यो सूचना प्रकाशित मितिले ७ औं दिनको २ बजे प्यूठान नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिन यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा कारण सहित नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा सूचना टाँस भएको मितिले ७ दिनभित्र संझौता अंकको सार्बजनिक खरिद ऐन बमोजिमको कार्यसंपादन जमानत नगद वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कार्यसंपादन जमानत लिई कबोल अंकको प्रथम किस्ता बापत २० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोश्रो किस्ता बापत ५० प्रतिशतले हुने नगद रकममा मु.अ. क. समेत मिति २०७८।१२।३० गतेभित्र यस कार्यालयमा

प्रमुख प्रशासकीय अधिकृत

प्यूठान नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**बिजुवार, प्यूठान**
लुम्बिनी प्रदेश, नेपाल

वेवसाईट: www.pyuthanmun.gov.np
ईमेल: pyuthannagarpalika@gmail.com
सम्पर्क नं.: ०८६-४६०२९०९१,

प.सं.०७८/०७९

च.नं.

बुझाउनु पर्नेछ। र अन्तीम किस्ता २०७९/०२/२० गते भित्र बुझाउन पर्ने छ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपदाताले छुट्टै बुझाउनु पर्नेछ।

तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलत्रप बन्दोबस्त गरिनेछ। नगरपालिकाको नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएको कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा कार्यबिधि मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन तथा बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको वेवसाईटः- www.pyuthanmun.gov.np मा समेत हेर्न सकिनेछ।

२०७८/८/१० 
**थानेश्वर भण्डारी**
**प्रमुख प्रशासकिय अधिकृत**
प्रमुख प्रशासकीय अधिकृत